स्थायी लेखा नं.: २०१२९६१९०
कार्यालय कोड नं.: ८०१०५५८०२

ठाकुरबाबा नगरपालिका
Thakurbaba Municipality

☎९८५८०७२१११

# नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

(Google Plus Code: C8RJ+C6 Neulapur)

सैनवार, बर्दिया
Sainawar, Bardiya

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं.: २०८१।०८२
च.नं.: ०९

मिति: २०८१।०४।३१
नेपाल संवत ११४४ गुंलाथ्व दशमी

श्री विद्यालयहरू सबै
ठाकुरबाबा नगरपालिका ।

विषय - वैदेशिक रोजगारी सन्तति छात्रवृत्ति कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा वैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शत प्रतिशत अशक्त वा गम्भीर बिरामी भइ वैदेशिक रोजगार बोर्डको सचिवालयको कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका बालबालिकालाई वैदेशिक रोजगार बोर्ड मार्फत प्रदान गरिने वैदेशिक रोजगारी सन्तति छात्रवृत्तिका लागि आवेदन खुला भएकोले, नियमअनुसार आवेदन दिन योग्य बालबालिकाहरूलाई (१८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत) सूचित गरि वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि २०८० को अनुसूची १ बमोजिम निवेदन संकलन गरि अनुसूची २ बमोजिम सिफारिस गरि २०८१ असोज मसान्त भित्र पठाइदिनहुन अनुरोध छ।

२०८१।४।३१
शाखा अधिकृत

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा**

मिति : .................

श्री प्रधानाध्यापकज्यू

..........................

**विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................ मा .......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

संलग्न कागजातहरू

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्बर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

निवेदक

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

सचिव

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

अनुसूची-२
(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)
**विद्यालयको सिफारिसको ढांचा**

मिति : ................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
....................पालिका ,............।

**विषय : सिफारिस सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

संलग्न कागजात

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,
(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,
(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

ववरमहल, काठमाडौं

## वैदेशिक रोजगार सन्तती छात्रवृति कार्यक्रममा सहभागी हुने वारेको सूचना

(सूचना प्रकाशन मितिः २०८१/०४/३१)

वैदेशिक रोजगारीमा गएर मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत वालवालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका नेपालको कुनै पनि सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ। छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० वमोजिम आ-आफ्नो विद्यालयमा यो सूचना प्रकाशन भएको ६० (साठी) दिन (२०८१ असोज मसान्त) भित्र निवेदन पेश गर्नुहुन साथै सम्वन्धित विद्यालयले यस्ता निवेदन प्राप्त भए पश्चात कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी आ-आफ्नो स्थानीय तह (शिक्षा समितिबाट निर्णय हुने गरी पालिकाले तोकेको शिक्षा शाखा वा रोजगार सेवा केन्द्र) मा कागजात सहित सिफारिस गर्नुहुन निर्देशक समितिको मिति २०८१/४/२४ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। यस सम्वन्धी थप जानकारी सचिवालयको वेवसाईटमा विस्तृत सूचनामा राखिएको हुँदा सो अध्ययन गर्नुहुन एवं सम्वन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालय वा श्रमाधान कल सेन्टरको पैसा नलाग्ने नम्वर ११४१ मा सम्पर्क गर्न सकिने समेत जानकारी गराईन्छ। सूचना तथा कार्यविधि सचिवालयको वेवसाईट www.feb.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।

कार्यकारी निर्देशक

डा. द्वारिका उप्रेती

कार्यकारी निर्देशक

श्री शिक्षा शाखा

२०८१/०४/३२